अपिहिमाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# संवत् २०८० साल भाद्र ०८ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु:

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | | यस गाउँपालिकाको वडा नं. ३ मा मिति २०८०।०५।०९ गते देखि १४ गते सम्म मनाईने चाडपर्व मध्ये सबै भन्दा ठूलो पर्व शुर्भाभवानी (बिर जात्रा) को लागि पालिका भित्र रहेका सार्वजनिक, सरकारी, गैह्र सरकारी तथा निजीक्षेत्रबाट सञ्चालनमा रहेका संघ संस्थाहरूमा मिति २०८०/०५/११ देखि १३ गते (तीन दिन) सम्म स्थानीय सार्वजनिक बिदा दिने । |
| २. | प्रशासन शाखा | यस गाउँपालिका भित्र मनाईने चाडपर्व मध्ये सबै भन्दा ठूलो पर्व शुर्भाभवानी (बिर जात्रा) व्यवस्थापनको लागि कार्यालयको तर्फबाट योजना अधिकृतलाई सम्पर्क व्यक्ति तोक्ने र शान्ति सुरक्षा व्यवस्थाका लागि जिल्ला प्रहरी कार्यालय दार्चुलालाई पत्राचार गर्ने । |
| ३. | | यस गाउँपालिकाको चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम अनुसार मिति २०८०।०६।१० गतेको अन्तर्राष्ट्रिय पर्यटन दिवसको अवसरमा संघीय सरकार तथा प्रदेश सरकारका सम्बन्धित निकायसँगको समन्वय, सहकार्यमा अपिहिमाल गाउँपालिकाको भ्रमण वर्ष, २०८० को उदघाटन तथा भ्रमण वर्ष मनाउने र भ्रमण वर्षको उदघाटन समारोहलाई व्यवस्थित, सव्य, भव्य बनाउन देहाय बमोजिमका समिति गठन गर्ने । साथै गाउँपालिकाको पर्यटकीय गतिविधिलाई प्रवर्द्धन गर्न भिडियो डकुमेन्ट्री निर्माण, टिकटक प्रतियोगिताको आयोजना गर्ने, उत्कृष्ट भिडियो डकुमेन्ट्री निर्माण गर्ने र उत्कृष्ट टिकटक निर्माण गर्ने व्यक्तिहरूलाई पुरस्कार दिने। |
| ४. | आर्थिक प्रशासन शाखा | चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमबाट युवा तथा साना व्यवसायी स्वरोजगार कोष साझेदारी शीर्षकमा विनियोजन भएको बजेट गाउँपालिकाका यूवा तथा साना व्यवसायि उद्यम सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि निकासा गरी कोषको खातामा दाखिला गर्ने । |
| ५. | प्रधानमन्त्री रोजगार सेवा केन्द्र | चालु आर्थिक वर्षका लागि नेपाल सरकारको सशर्त अनुदानबाट प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको पोर्टलमा प्रविष्टी गरेका यस गाउँपालिकाका बेरोजगार व्यक्तिहरूको विवरणको वडागत रूपमा असमान (केही वडामा थोरै र केही वडामा बढी व्यक्तिको) प्राथमिकरण भई (रोष्टर) प्राप्त हुन आएकाले सबै वडामा उक्त कार्यक्रम संचालन गर्न प्राप्त भएको बजेटलाई जनसंख्या र भूगोलका आधारमा बजेट बाँडफाँड गरी प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने । साथै चालु आर्थिक वर्ष २०८०/०८१ का लागि मन्त्रालयको प्रणालीमा प्रविष्टी भएका व्यक्तिहरूको रोष्टरबाट प्राथमिकिकरणमा परेका ७९ जना बेरोजगार व्यक्तिहरूको सूची स्वीकृत गर्ने । |
| ६. | शिक्षा युवा तथा खेलकुद शाखा | यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएको नमूना विद्यालय कार्यक्रमका लागि तपसिल बमोजिमका विद्यालयहरु छनौट गर्ने ।<br>तपसिलः<br>१. श्री हिमालयन आधारभूत विद्यालय पाथा, अपिहिमाल ३ दार्चुला ।<br>२. श्री गौरीशंकर आधारभूत विद्यालय मज्जे, अपिहिमाल ३ दार्चुला । |

ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ७. | | यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएको डिजिटल नमुना विद्यालय कार्यक्रमका लागि तपसिल बमोजिमका विद्यालयहरु छनौट गर्ने ।<br>तपसिलः<br>१. श्री खण्डेश्वरी माद्यमिक विद्यालय क्षेत्ती, अपिहिमाल ४ दार्चुला ।<br>२. श्री सुर्मा भवानी आधारभूत विद्यालय थुम्ती, अपिहिमाल ३ दार्चुला ।<br>३. श्री तामाखानी भगवती आधारभूत विद्यालय चौविसन, अपिहिमाल ४ दार्चुला ।<br>४. श्री महादेव माद्यमिक विद्यालय घुसा, अपिहिमाल २ दार्चुला ।<br>५. श्री भवानी माद्यमिक विद्यालय शौगन्ना, अपिहिमाल ५ दार्चुला ।<br>६. श्री छिपूलकेदार माद्यमिक विद्यालय धंकं, अपिहिमाल ६ दार्चुला । |
| ८. | कृषि शाखा | यस गाउँपालिका अन्तरगत रहेको कृषि विकास शाखाले गत आर्थिक वर्ष २०७९/०८० मा कृषकहरूलाई प्रविधि हस्तान्तण गरी प्रोत्साहन गर्न व्यवस्थापन गरेका तपसिलका कृषि सामग्रीहरु (उपकरणहरू) तपसिलका व्यक्ति तथा समूहहरुलाई हस्तान्तरण गर्ने ।<br>तपसिलः<br>१. घाजिर कृषक समूह अपिहिमाल ३, - हाते टेक्टर<br>२. देबेन्द्र सिंह रोकाया अपिहिमाल ४, एन्टीहेल नेट |
| ९. | योजना/पूर्वाधार शाखा | यस गाउँपालिका अन्तरगत रहेका वडा नं. १ र ३ को वडा कार्यालय र वडा नं. ४ मा रहेको १० शैया अस्पताल निर्माणका लागि जग्गादान गर्नुहुने जग्गाधनीको नामबाट कित्ताकाट गरी वडा र अस्पतालको नाममा नामसारी गर्ने गराउने कार्यको जिम्मेवारी सम्बन्धित वडा अध्यक्ष ज्यूहरुलाई दिने र सो समयमा भएको गाडी भाडा, खाना बास र अन्य कार्यालयको कामकाजको खर्च विविध शीर्षकबाट भुक्तानी दिने । |
| १०. | प्रशासन | यस गाउँपालिकाको कार्यालय मातहतका वडा कार्यालयहरुमा विविध कारणले रिक्त रहेका पदहरुको पूर्ति गर्ने र सोका लागि आवश्यक कारवाही गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई स्वीकृति तथा निर्देशन दिने । |

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत